जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २१७ • २०८३ जेठ १४ गते बिहिवार • 28 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## कभर्ड हल जीर्ण अवस्थामा पुगेपछि खेलाडी तथा प्रशिक्षकहरूको चिन्ता

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १३ जेठ**

मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित एक मात्र कभर्ड हल जीर्ण अवस्थामा पुगेपछि खेलाडी तथा प्रशिक्षकहरूले चिन्ता व्यक्त गरेका छन् । "खेली मधेश, जिती मधेश" भन्ने मूल नारासहित हालै सुरु गरिएको प्रदेशस्तरीय खेलकुद प्रतियोगिता यही हलमा सञ्चालन भइरहेका बेला संरचनाको कमजोर अवस्थाले दुर्घटनाको जोखिम बढाएको हो । गत साता मधेशका आठवटै जिल्लाका खेलाडीहरूको सहभागितामा प्रदेशस्तरीय खेल प्रतियोगिताको उद्घाटन यही हलमा गरिएको थियो । तर, हलको छत चुहिने, सिलिङ झर्ने तथा हावाहुरीका कारण संरचनामा थप क्षति पुगेपछि खेल गतिविधि जोखिमपूर्ण बनेको खेलाडीहले बताएका थिए ।




हालै यही हलमा कराते प्रतियोगिताको डेमो खेलसमेत सञ्चालन गरिएको थियो । खेलाडी र प्रशिक्षकहरूले कुनै पनि बेला छतको सिलिङ खस्न सक्ने अवस्था रहेको भन्दै तत्काल मर्मतको माग गरेका छन् । उहाँहरूका अनुसार हलको जीर्ण अवस्थाले खेलाडी घाइते हुने खतरा बढेको छ । तत्कालीन सामाजिक विकासमन्त्री सुरिता कुमारी साहको कार्यकालमा हलको छत निर्माणका लागि २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको थियो । तर, निर्माणकै क्रममा आएको हावाहुरीले छतमा थप क्षति पुऱ्याएको थियो। अहिले पनि हुरीबतास आउँदा संरचना झन् कमजोर बन्दै गएको क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डे 'गुड्डु'ले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "यस्तो अवस्थामा प्रदेशको राजधानीमा खेल सञ्चालन हुनु दुर्भाग्यपूर्ण हो । जुनसुकै बेला दुर्घटना हुन सक्छ ।"

मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी साह कानुले कभर्ड हल यसअघि राष्ट्रिय खेलकुद परिषद्को मातहतमा रहेकाले पुरानो अवस्थाबारे पूर्ण जानकारी नभएको बताउनुभयो। उहाँले प्रदेशमा पहिलो पटक परिषद् गठन भएको उल्लेख गर्दै चालु आर्थिक वर्षमै मर्मतसम्भारका लागि बजेट विनियोजन भइसकेको र ठेक्का प्रक्रिया समेत सम्पन्न भएको जानकारी दिनुभयो । "अबको केही दिनभित्र हलको मर्मत भएको देख्नुहुनेछ," सदस्य सचिव कानुले भन्नुभयो । मधेश प्रदेश सरकारले चालु आर्थिक वर्षमा १९ वटा खेलका लागि आठ जिल्लामा २ करोड ५५ लाख रुपियाँ खर्च गरेर विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरेको थियो ।

## विपद् प्रतिकार्य संयुक्त अभ्यास कार्यक्रम सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ जेठ**

जिल्ला विपद् व्यवस्थापन समितिको आयोजनामा महोत्तरीको जलेश्वर नगरपालिका-१ स्थित शंकर चौक नजिक वरुण पोखरीमा विपद् प्रतिकार्य संयुक्त अभ्यास कार्यक्रम सम्पन्न भएको छ ।

बुधबार बिहान ०८:४५ बजेदेखि ०९:२५ बजेसम्म सञ्चालन भएको उक्त अभ्यास विपद् व्यवस्थापनको तयारी, समन्वय र तत्काल उद्धार क्षमताको परीक्षण गर्ने उद्देश्यले गरिएको हो । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सुरक्षा निकाय तथा सरोकारवाला संस्थाहरूको सहभागिता रहेको थियो । कार्यक्रममा विशेष अतिथिका रूपमा जलेश्वर नगरपालिकाका नगर प्रमुख सुरेश साह सोनारको उपस्थिति रहेको थियो । त्यसैगरी कार्यक्रममा नेपाली सेनाको गोरखनाथ गणका गणपति रामप्रसाद लामिछाने, सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण हेडक्वार्टरका प्रमुख शेरबहादुर अधिकारी, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रमुख श्याम सारु मगर, नेपाल रेडक्रस सोसाइटी तथा प्रादेशिक अस्पताल जलेश्वरका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

अभ्यासमा विपद् अवस्थामा खोज, उद्धार, प्राथमिक उपचार तथा आपतकालीन व्यवस्थापनका विभिन्न चरणहरूको प्रदर्शन गरिएको थियो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, भद्रभलादमी, सञ्चारकर्मी लगायत करिब १५० जनाको उपस्थिति रहेको आयोजकले जनाएको छ । सुरक्षा निकायहरूको संयुक्त समन्वयमा सम्पन्न उक्त अभ्यासले विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने विश्वास गरिएको छ ।




GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामाग्रीहरुको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

**पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# 'नम्बर प्लेट मापदण्ड कार्यान्वयन अभियान' अन्तर्गत ५ हजारभन्दा बढी सवारी साधन चेकजाँच

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १३ जेठ**

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले सवारी दुर्घटना न्यूनीकरण तथा सवारी साधनको सहज पहिचान गर्ने उद्देश्यले सञ्चालन गरेको 'नम्बर प्लेट मापदण्ड कार्यान्वयन अभियान' अन्तर्गत ५ हजारभन्दा बढी सवारी साधन चेकजाँच गरेको जनाएको छ। अभियानका क्रममा मेटिएका, अस्पष्ट, तोकिएको मापदण्ड विपरीत राखिएका तथा नम्बर प्लेट नभएका सवारी साधनलाई रोक्दै सुधार गर्न लगाइएको ट्राफिक प्रहरीले जनाएको हो।

कार्यालयले सार्वजनिक गरेको प्रगति विवरणअनुसार विभिन्न सात चरणमा सञ्चालन गरिएको विशेष चेकजाँच अभियानमा ५ हजार ५६ वटा सवारी साधन जाँच गरिएको थियो। तीमध्ये ४ हजार २०८ वटा सवारी साधनको नम्बर प्लेट मापदण्डअनुसार रहेको पाइए पनि ५४९ वटा सवारी साधनमा समस्या देखिएको थियो।

ट्राफिक प्रहरीले तीमध्ये ४२३ वटा सवारी साधनलाई तत्काल सुधार गर्न लगाएको जनाएको छ। बाँकी केही सवारीलाई कारबाही गर्दै ८ हजार ५ सय रुपैयाँ राजश्वसमेत संकलन गरिएको कार्यालयले जनाएको छ। अभियानमा मोटरसाइकल, ट्याक्टर, टिपर, माइक्रोबस, अटो तथा ई-रिक्साजस्ता सवारी साधनलाई प्राथमिकतामा राखेर चेकजाँच गरिएको थियो। विशेषगरी नम्बर प्लेट मेटिएका, सानो अक्षर प्रयोग गरिएका, स्टाइलिस नम्बर प्लेट राखिएका तथा पढ्न नसकिने अवस्थामा रहेका सवारीलाई सुधार गर्न लगाइएको ट्राफिक प्रहरीले जनाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले सवारी साधनको स्पष्ट नम्बर प्लेट हुनु सुरक्षा र कानुनी दुवै हिसाबले अत्यन्त आवश्यक रहेको बताए। उनले दुर्घटना, अपराध अनुसन्धान तथा सवारीको पहिचानमा नम्बर प्लेटको




महत्वपूर्ण भूमिका हुने भएकाले अभियानलाई निरन्तरता दिइएको जानकारी दिए। प्रहरी निरीक्षक शाहीका अनुसार पछिल्लो समय धेरै सवारी साधनमा नियमविपरीत डिजाइन गरिएको नम्बर प्लेट राख्ने प्रवृत्ति बढेकाले ट्राफिक व्यवस्थापनमा समस्या भइरहेको छ। 'कुनै दुर्घटना वा आपराधिक घटनामा संलग्न सवारीको पहिचान गर्न नम्बर प्लेट स्पष्ट हुन जरुरी हुन्छ,' उनले भने, 'त्यसैले नागरिकलाई सजायभन्दा पनि सचेत बनाउने उद्देश्यले सुधारमुखी अभियान चलाइएको हो।' उनले धेरैजसो सवारी चालकले ट्राफिक प्रहरीको आग्रहपछि नम्बर प्लेट तत्काल सच्याएको बताए।

केही सवारी चालकले जानाजान नियम उल्लंघन गरेको पाइएकाले कारबाही गरिएको उनको भनाइ छ। ट्राफिक प्रहरीले सार्वजनिक सवारी मात्र नभई निजी सवारी साधनमा पनि मापदण्डविपरीत नम्बर प्लेट प्रयोग भइरहेको जनाएको छ। विशेषगरी मोटरसाइकलमा स्टिकर शैलीका नम्बर, रंग मेटिएका प्लेट तथा अंग्रेजी अक्षर अस्पष्ट बनाइएका नम्बर बढी भेटिएको प्रहरीको दाबी छ। प्रहरी निरीक्षक शाहीले आगामी दिनमा पनि धनुषाका विभिन्न स्थानमा नियमित तथा आकस्मिक चेकजाँचलाई निरन्तरता दिइने बताए। 'सवारी साधनको नम्बर प्लेट स्पष्ट राख्नु कानुनी दायित्व मात्र नभई सार्वजनिक सुरक्षासँग पनि जोडिएको विषय हो,' उनले भने, 'सबै सवारी चालकलाई तोकिएको मापदण्ड अनुसार नम्बर प्लेट राख्न अनुरोध गर्छौं।'

ट्राफिक प्रहरीले चालक तथा सवारीधनीलाई नम्बर प्लेटमा अनावश्यक स्टिकर, डिजाइन वा रंग प्रयोग नगर्न, पढ्न सकिने स्पष्ट अक्षर राख्न तथा सरकारी मापदण्ड अनुसारकै आकार प्रयोग गर्न आग्रह गरेको छ। अभियानलाई अझ प्रभावकारी बनाउन स्थानीय तह, यातायात व्यवसायी र सर्वसाधारणसँग सहकार्य गरिने कार्यालयले जनाएको छ।


## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी १ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१।०१।०९ मा प्रा.लि.नं.३३४६५५ मा दर्ता भएको **गोदाबरी टेक हब प्रा.लि.** को मिति २०८२।०२।२० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो १ दिने सूचना जारी गरिएको छ।

**लक्विडेटर : दिलीप कुमार महर्जन (ईजाजत पत्र नं.३१५१३)**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८।०५।०१ मा प्रा.लि.नं.२६८५६७/०७८/०७९ मा दर्ता भएको **अन्जनी एडभरटाइजिङ्ग प्रा.लि.** को मिति २०८३।०२।१० मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयहरुमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर : अर्जुन कोईराला (ईजाजत पत्र नं.१७१)**
**फोन नं.: ९८४११४१६१७**


## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः आम्दानी हुने
मिथूनः पिछडेको साथी मिल्न
कर्कटः खानपानमा समस्या आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः पढाईमा ध्यान दिनुपर्ने
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः अशुभ समाचार प्राप्त हुने
कूम्भः लामो यात्राको योग छ
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# हिजबुल्लाहलाई धराशायी बनाउन सैन्य आक्रमण तीव्र पार्ने नेतन्याहुको घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ जेठ**



इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले लेबनानस्थित सशस्त्र समूह हिजबुल्लाहलाई धराशायी बनाउन सैन्य आक्रमणको तीव्रता बढाउने घोषणा गरेका छन् । एक भिडियो सन्देश जारी गर्दै प्रधानमन्त्री नेतन्याहुले लेबनानमा जारी सैन्य कारबाहीलाई थप सशक्त बनाइने बताएका हुन् ।

आफ्नो वक्तव्यमा नेतन्याहुले इजरायल हाल हिजबुल्लाहसँग युद्धको अवस्थामा रहेको उल्लेख गरे। पछिल्ला केही हप्ताहरूमा मात्रै इजरायली सेनाले लेबनानमा ६ सय भन्दा बढी हिजबुल्लाह लडाकुहरूलाई मारिसकेको दाबी उनले गरे । प्रधानमन्त्री नेतन्याहुले सैन्य अभियानलाई थप तीव्रताका साथ अघि बढाउन निर्देशन दिएको बताउँदै हिजबुल्लाहको शक्तिलाई पूर्ण रूपमा नष्ट गर्ने दृढता व्यक्त गरे । प्रधानमन्त्री नेतन्याहुले हिजबुल्लाहले प्रयोग गर्ने 'फाइबर अप्टिक ड्रोन' आक्रमणहरूको सामना गर्न एउटा विशेष टोलीले कार्य गरिरहेको जानकारी पनि दिए। यसैबिच, इजरायली रक्षा बल ( आईडीएफ) ले एक विज्ञप्ति जारी गर्दै लेबनानको पूर्वी बेका उपत्यका र देशका अन्य विभिन्न क्षेत्रमा रहेका हिजबुल्लाहका पूर्वाधारहरूमा आक्रमण सुरु गरिएको जनाएको छ । गत अप्रिलमा इजरायल र लेबनानबिच युद्धविरामको सहमति भएको भए पनि सीमा क्षेत्रमा तनाव कम हुन सकेको छैन ।

सम्झौताका बावजुद इजरायलले लेबनानमा लगभग दैनिक रूपमा हवाई आक्रमण जारी राखेको छ भने हिजबुल्लाहले पनि इजरायली सैन्य ठेगानाहरूलाई लक्षित गरी प्रतिशोधात्मक आक्रमणहरू गर्दै आएको छ ।

# शास्त्रीय नृत्य भरतनाट्यमको अपमान गरेको भन्दै अनन्या पाण्डेको आलोचना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १३ जेठ**



बलिउड अभिनेत्री अनन्या पाण्डेको नयाँ फिल्म 'चान्द मेरा दिल' को एउटा डान्स सिनलाई लिएर नयाँ विवाद सुरु भएको छ ।

फिल्ममा समावेश गरिएको उनको भरतनाट्यम र कन्टम्परेरी मिक्स फ्युजन डान्स सिक्वेन्सको सामाजिक सञ्जालमा तीव्र आलोचना भइरहेको हो । भारतीय कांग्रेसकी प्रवक्ता शमा मोहम्मद र प्रख्यात शास्त्रीय नृत्याङ्गना अनिता रत्नमसहित थुप्रै सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले यस डान्स सिनप्रति कडा आपत्ति र आक्रोश व्यक्त गरेका छन् । कांग्रेस प्रवक्ता शमा मोहम्मदले अनन्याले आफ्नो मनपर्ने डान्स फर्मलाई बिगारेको आरोप लगाएकी छिन् भने अर्कातर्फ फिल्मकी असिस्टेन्ट कोरियोग्राफरले अनन्याको बचाउ गर्दै उनको कडा मिहिनेतको प्रशंसा गरेकी छिन् ।

विवेक सोनीको निर्देशनमा बनेको कलेज रोमान्स ड्रामा फिल्म 'चान्द मेरा दिल' मे २२ मा सिनेमाघरहरूमा रिलिज भएको हो । यस फिल्ममा अनन्या पाण्डेको अपोजिटमा अभिनेता लक्ष्य मुख्य भूमिकामा देखिँदै छन् । फिल्म रिलिज भएदेखि नै यसको एउटा डान्स सिनको क्लिप एक्स र इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालमा निकै भाइरल भइरहेको छ ।

# तालिममा सिकेको सीप कक्षाकोठासम्म पुर्‍याउन शिक्षा शाखा प्रमुख मुखियाको आग्रह

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १३ जेठ**



विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले शहीद नगरपालिकामा ६ दिने टार्ल (टिचिङ एट द राइट लेभल) शिक्षक तालिम सम्पन्न भएको छ । स्ट्रिट चाइल्डको प्राविधिक सहयोग, हेम्पेल फाउन्डेसनको आर्थिक सहयोग तथा आसमा नेपालको आयोजनामा सम्पन्न तालिममा शहीद नगरपालिकाका ३० वटा विद्यालयका ३० जना शिक्षक सहभागी भएका थिए। कार्यक्रम श्री जनता विष्णु आधारभूत विद्यालय, यदुकूहामा सञ्चालन गरिएको हो ।

तालिममा शिक्षकहरुलाई विद्यार्थीको सिकाइ स्तरअनुसार प्रभावकारी शिक्षण विधि, कक्षाकोठा व्यवस्थापन, सिकाइ मूल्यांकन तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी विभिन्न विषयमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा टार्ल प्रशिक्षक रंजेश यादव तथा मूल्यांकन तथा अनुगमन अधिकृत मुकेश रजकले सहजीकरण गरेका थिए । तालिमका क्रममा सहभागी शिक्षकहरुलाई ब्यागसहित आवश्यक शैक्षिक सामग्री समेत उपलब्ध गराइएको आयोजकले जनाएको छ। समापन कार्यक्रममा बोल्दै शहीद नगरपालिकाका शिक्षा शाखा प्रमुख प्रदीप मुखियाले तालिममा सिकेका ज्ञान, सीप र अनुभवलाई व्यवहारिक रूपमा कक्षाकोठासम्म पुर्‍याउन शिक्षकहरुलाई आग्रह गरे। उनले "तालिममा सिकेको कुरा विद्यालय र कक्षाकोठामा प्रयोग हुन सकेन भने त्यस्तो तालिमको कुनै औचित्य रहँदैन," भन्दै विद्यार्थी केन्द्रित शिक्षण पद्धति अवलम्बन गर्न शिक्षकहरुलाई प्रेरित गरे । सहभागी शिक्षकहरुले तालिमले शिक्षण शैली सुधार गर्न, विद्यार्थीको सिकाइ स्तर पहिचान गर्न तथा प्रभावकारी अध्यापनमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

# धनुषाको लक्ष्मीनियामा शिक्षा सम्बन्धी सामाजिक जवाफदेहिता परामर्श बैठक सम्पन्न

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १३ जेठ**



धनुषाको लक्ष्मीनिया गाउँपालिकामा शिक्षा क्षेत्रको सुधार, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यसहित सामाजिक जवाफदेहिता सम्बन्धी परामर्श बैठक सम्पन्न भएको छ ।

लक्ष्मीनिया गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रको अध्यक्षतामा सम्पन्न उक्त बैठक "शिक्षामा नागरिक समाजको सहभागिता" परियोजना अन्तर्गत आयोजना गरिएको हो।

बैठकमा फिल्ड म्यानेजर सबल नेपालका नीर बहादुर आले, जय कुमार यादव (शिक्षा शाखा, लक्ष्मीनिया गाउँपालिका) लगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। बैठकमा विद्यालय क्षेत्र सुधार कार्यक्रम, एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली, विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन, आर्थिक वर्ष २०८३ का लागि प्रतिबद्धता तथा विविध विषयहरूमा विस्तृत छलफल गरिएको थियो। छलफलका क्रममा उठाइएका प्रस्तावहरू माथि आवश्यक निर्णयसमेत गरिएको आयोजकले जनाएको छ।

कार्यक्रमको सहजकर्ताको रूपमा मोनू गुप्ता सक्रिय भूमिका निर्वाह गरेका थिए ।

उक्त कार्यक्रम ग्लोबल एक्शन नेपालले आयोजना गरेको हो ।

# कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना

**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १३ जेठ**



रौतहटको चन्द्रपुर नगरपालिका-९ डुमरियामा कृषि तथा जलवायु मौसम मापन केन्द्र स्थापना गरिएको छ । केन्द्रको चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्लेले मङ्गलबार उद्घाटन गरे । केन्द्रले किसानलाई मौसमसम्बन्धी विभिन्न पूर्वानुमान उपलब्ध गराउनेछ ।

तापक्रम, वर्षा, हावाको गति मौसमसम्बन्धी तथ्याङ्क केन्द्रमा सङ्कलन हुनेछ । मौसमको अवस्था हेरेर बाली कहिले लगाउने, सिँचाइ कहिले गर्ने र मल तथा औषधि कहिले प्रयोग गर्ने लगायतका विषयमा केन्द्रले जानकारी दिनेछ । जिल्ला समन्वय समिति रौतहटका सभापति रामअयोध्या राय यादवले किसानको बाहुल्य भएको रौतहटमा हरेक पालिकाका किसानका लागि यस प्रकारको केन्द्र आवश्यक भएको बताए ।

जल तथा मौसम विभाग मधेस प्रदेशका प्रमुख राजीवकुमार झाले केन्द्र हरेक पाँच किलोमिटरको दूरीमा राख्नुपर्ने बताए । वन क्षेत्रको संरक्षण, पूर्वाधार विकासमा समेत केन्द्रमा महत्त्वपूर्ण भूमिका हुने कार्यालय प्रमुख झाले बताए । अहिलेको अवस्थामा कृषि तथा जलवायु मौसम मापन केन्द्रबाट ८० प्रतिशत प्रक्षेपण मिलेको उनको भनाइ छ । केन्द्रले असिना, खडेरी, अत्यधिक वर्षा वा बाढी जस्ता प्राकृतिक प्रकोपसम्बन्धी पूर्व सूचना प्रवाह गर्ने उनले बताए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सिताराम रिजालले मानवीय क्षति न्यूनीकरण गर्न केन्द्रले सहयोग गर्ने धारणा राखे ।

# विद्यालय हिँडेका १२ वर्षीय गौतम यादव सात दिनदेखि बेपत्ता

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १३ जेठ**



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका -१२ थरुवाही गाउँबाट विद्यालय हिँडेका १२ वर्षीय गौतम यादव सात दिनदेखि बेपत्ता छन् ।

गौतम जेठ ७ गते बिहान करिब ६:०० बजे घरबाट जलेश्वर नगरपालिका-२ मा अवस्थित एड्भान्स लर्नर्स हिमालयन अङ्ग्रेजी बोर्डिङ स्कुल गएका थिए ।

गौतम यादव थरुवाही गाउँ बस्ने बुवा आशुतोष यादव र आमा पुनमाया यादवका छोरा हुन् । विद्यालय समय सकेर बालक गौतम घर नफर्केपछि परिवारजनले सोही दिन विद्यालयमा सम्पर्क गर्दा उनी विद्यालय नै नआएको विद्यालयबाट जवाफ आएको थियो । बुवा आशुतोष र आमा पुनमले आफ्नो छोरा विगत सात दिनदेखि बेपत्ता रहेको र अहिलेसम्म कुनै अत्तोपत्तो नलागेपछि उनी अपहरणमा परेको वा बेचिएको हुनसक्ने आशङ्का गर्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीमा निवेदन दर्ता गराएका थिए ।

# साविक विजेता इरानलाई हराएर फाइनल पुग्ने नेपालको लक्ष्य


**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, १३ जेठ**

घरेलु मैदानमा जारी काभा महिला भलिबल च्याम्पियनसिपको उपाधि जित्ने लक्ष्य राखेको नेपालले बिहीबार बलियो टोली इरानसँग दोस्रो सेमिफाइनल खेल खेल्दैछ । साविक विजेता समेत रहेको इरान समूह 'बी' मा अपराजित रहँदै समूह विजेताको रुपमा सेमिफाइनल पुगेको हो भने नेपाल समूह 'ए' को उपविजेता ।

पहिलो खेलमै भारतसँग प्रतिस्पर्धात्मक खेलमा ३-२ ले पराजित हुँदै प्रतियोगिता सुरु गरेको नेपालले कीर्गिस्तान र माल्दिभ्सलाई सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो ।

इरानले भने बंगलादेश, श्रीलंका र कजाखस्तानलाई समान ३-० सेटमा पराजित गरेर सेमिफाइनल पुगेको हो ।

# त्याग, वीरता र बलिदानका विम्ब कृष्ण सेन 'इच्छुक'



पत्रकार एवं साहित्यकार कृष्ण सेन 'इच्छुक'को २४ वर्षअघि तत्कालीन शाही सरकारले हत्या गरेको दिन जेठ १३ गते उनको स्मृति दिवस मनाइँदैछ। व्यक्तिगत लाभभन्दा त्याग र समर्पणलाई महत्व दिने इच्छुकको गुण सबै नेता कार्यकर्ताले सिक्नुपर्नेमा जोड दिइएको छ। जनयुद्धका क्रममा गिरफ्तार भई यातना दिई हत्या गरिएका सेनका सपना अझै साकार नभएकोमा चिन्ता व्यक्त गरिएको छ। आज जेठ १३ गते साहित्यकार एवं पत्रकार कृष्ण सेन 'इच्छुक' को स्मृति दिवस। २४ वर्षअघि (२०५९ साल जेठ १३) निष्ठावान् व्यक्ति इच्छुकको तत्कालीन शाही सरकारले कायरतापूर्ण ढङ्गले निर्मम हत्या गरेको दिन। आज पनि सेनको स्मृतिमा पूर्वमाओवादी धारका विभिन्न पार्टी र नेताहरूले उनको योगदानको चर्चा गर्दै औपचारिक कार्यक्रम आयोजना गरेका छन्। इच्छुकको जस्तै सबैले त्याग गर्न सके समाज विकास एवं रूपान्तरणमा समय लाग्ने नै थिएन। कृष्णसेनले जहिल्यै त्यागको प्रतीकको भूमिका निर्वाह गरे। व्यक्तिगत लाभ, पद, प्रतिष्ठा, सेवा-सुविधामा उनको कहिल्यै ध्यान थिएन। सबै कुरा अरूलाई दिनुपर्छ, मलाई त छँदै छ नि भन्ने उनको स्वभाव थियो।

उनको स्मृति दिवस मनाइरहँदा यो गुण सबै नेता र कार्यकर्ताले सिक्न र व्यवहारमा लागु गर्न आवश्यक छ। अहिलेको लोकतान्त्रिक गणतन्त्रको व्यवस्थाभित्र थुप्रै खोट छन्, जसले गर्दा क्रान्तिकारी ढङ्गले समाज रूपान्तरण नभई दिग्भ्रम र विचलनतिर समाज गइरहेको छ। यो क्रम अझ बढ्दो छ। समाज दिग्भ्रम र विचलनतिर गइरहेको आजको परिस्थितिमा त्याग र साधनाको संस्कृति अपनाए मात्रै कृष्ण सेनप्रति सच्चा श्रद्धाञ्जली हुनेछ। तत्कालीन नेकपा (माओवादी) ले थालनी गरेको सशस्त्र युद्धमा लगेकैले गर्दा गिरफ्तार गरी काठमाडौँको महेन्द्र पुलिस क्लबमा यातना दिएर उनको हत्या गरिएको थियो।

उक्त हत्याका बारेमा जनआस्था साप्ताहिकले पहिलो पटक समाचार सम्प्रेषण गरेपछि यो घटना बाहिरिएको थियो। साहित्यिक र राजनीतिक यात्राः प्युठान जिल्लाको सराङकोटबाट इच्छुकको परिवार अर्घाखाँचीको जलुके गाविस ७, सातमारामा बसाइँ सरेको थियो। उनका बुबा भारतीय सेनाका जागिरे थिए। भारतमै २०१३ कात्तिक २ गते पिता यामबहादुर सेन र आमा भीमकुमारी सेनको कोखबाट इच्छुकको जन्म भएको थियो। ६ वर्षसम्मको उनको बाल्यकाल भारतका विभिन्न ठाउँमा बित्यो। इच्छुकले कक्षा १ देखि ८ सम्म दाङ जिल्लाको देउखुरीमा रहेको श्री आदर्श माविमा पढे। त्यसपछि दाङ जिल्लाकै लालमटियास्थित सरस्वती हाइस्कुलबाट २०३२ सालमा एसएलसी उत्तीर्ण गरे। पढ्ने चाहना हुँदाहुँदै गरिबीका कारण उनी एसएलसीपछि कोइलाबासमा भएको साल्ट ट्रेडिङको कार्यालयमा काम गरे। काम गर्दागर्दै भारतबाट प्राइभेट परीक्षा दिएर आईए उत्तीर्ण गरे। त्यसपछि त्रिभुवन विश्वविद्यालयबाट बीएड गरी एमएमा भर्ना भएका थिए, तर जनताको पक्षमा सक्रिय भएर आन्दोलनमा लाग्दा उनले एमए पूरा गर्न सकेनन्। कृष्णसेनको विवाह २०४८ सालमा तक्मा केसीसँग भयो र उनीहरूको एक छोरी (समीक्षा) छन्।

स्कुल पढ्दादेखि नै इच्छुकलाई जनताको पक्षमा गरिने राजनीतिक विचारधाराले प्रभावित पारेको थियो। २०३४ सालमा कम्युनिस्ट पार्टीको सदस्यता लिएका सेनले २०३७ सालदेखि दाङमा सक्रिय रूपमा विद्यार्थी आन्दोलनको नेतृत्व गरेका थिए। २०३३ सालमा मातृभूमि साप्ताहिकमा 'भोलिप्रति' भन्ने कविता प्रकाशन गरेर साहित्यमा प्रवेश गरेका उनले दाङको जेलमा बस्दा विद्यार्थी नेता मित्रपणि आचार्यको हत्या भएपछि उनकै सम्मान र सम्झनामा 'शोकाञ्जलि' काव्य लेखे, जुन २०४८ सालमा प्रकाशित उनको पहिलो कृति थियो। जेल जीवनका क्रममा लेखिएका सुविख्यात पत्रकार इच्छुकका रचना 'इतिहासको यो घडीमा', 'बन्दी र चन्द्रागिरि', 'शोकाञ्जलि' लगायत झन्डै आधा दर्जन कृति प्रख्यात छन्। २०३६ सालको विद्यार्थी आन्दोलनमा कृष्ण सेनलाई निरङ्कुश तानाशाही पञ्चायती व्यवस्थाको प्रशासनले गिरफ्तार गऱ्यो। जेलको कालकोठरीबाट छुटेपछि उनी दाङको महेन्द्र क्याम्पसमा भर्ना भए। क्याम्पस पढ्दा विद्यार्थी आन्दोलनमा सक्रिय सेन २०३९ सालमा पुनः पक्राउ परे। त्यस बेलाको पञ्चायती निरङ्कुश शासकले उनलाई लगातार साढे पाँच वर्ष जेलमा थुन्यो, उनी २०४४ सालमा मात्र जेलबाट छुटे। ०४५ सालमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको राष्ट्रिय सम्मेलन आयोजक समितिको केन्द्रीय संयोजक, २०४६ सालमा कम्युनिस्ट पार्टीको राप्ती अञ्चल क्षेत्रीय ब्युरोको सेक्रेटरी हुँदै उनी संयुक्त जनमोर्चा नेपालको केन्द्रीय सदस्य भए। अखिल नेपाल जनसांस्कृतिक सङ्घको अध्यक्ष, प्रगतिशील लेखक सङ्घको केन्द्रीय पार्षद्, पत्रकार महासङ्घको पार्षद्, दक्षिण एसियाली पत्रकार संघको सदस्य र जनअधिकार सरोकार अभियानका सदस्य समेत भए।

स्वयम् जाग्दै र दुनियाँ जगाउँदै हिँडेका सशक्त प्रगतिवादी कवि, जनपक्षीय पत्रकार तथा निष्ठावान् राजनीतिकर्मी सेन तीसको दशकदेखि साम्यवादी विचार तथा दर्शनबाट प्रभावित थिए। माओवादी सशस्त्र विद्रोहका बेला तत्कालीन नेकपा (माओवादी) को मुखपत्र जनादेशका सम्पादक रहेका इच्छुक बहुप्रतिभाशाली थिए। दुःखी-गरिब जनताको पक्षमा कलम चलाउने जनकवि, लेखक, युद्धमोर्चाका पत्रकार, जनयुद्धका योद्धा, राजनीतिक विचारक तथा सशक्त मानव अधिकारवादी उनका परिचय हुन्। जनताका पक्षमा लड्ने मुक्तियोद्धालाई निरङ्कुश शाही शासनले देखिसहेन। परिणामस्वरूप पटक-पटक गरी दश वर्षसम्म उनलाई जेलमा यातनापूर्वक थुनियो। अन्त्यमा २०५९ जेठ ६ गतेका दिन उनलाई गिरफ्तार गरी महेन्द्र पुलिस क्लबको हिरासतमा राखिएको थियो, त्यहीँ अमानवीय ढङ्गले यातना दिएर २०५९ जेठ १३ गते हत्या गरियो। विद्यार्थी आन्दोलन हुँदै कम्युनिस्ट पार्टीको सदस्यका रूपमा कम्युनिस्ट आन्दोलनमा क्रियाशील इच्छुकले आफ्नो वैयक्तिक आनन्दलाई कहिल्यै प्राथमिकतामा राखेनन्। उनको सोच्ने तरिकै भिन्नै थियो। धन कमाउने र सुखसित बाँच्ने कुरा उनको मनमा चढ्दै चढेन। चढ्यो त केवल जनमुक्तिको कुरा, जनआन्दोलनलाई नयाँ उचाइमा उठाउने कुरा, शोषण र भ्रष्टाचारमा आधारित राज्य व्यवस्थालाई फालेर न्यायिक र सदाचारी राज्यव्यवस्था स्थापना गर्ने कुरा। उनले विचारलाई निकै कसिलो पाराले समाए। त्यसलाई जीवन व्यवहारमै लागु गर्न समर्पित भए। उनको शब्द र कर्ममा घनीभूत एकत्व थियो। त्यसै कारणले उनी ढुक्कसित जीवनपर्यन्त आन्दोलनमा हेलिए। जम्मा ४६ वर्षको जीवनकालमा करिब १० वर्ष जेलमै बिताए। प्रहरी हिरासतमा एक हप्तासम्म निर्मम ढङ्गले लगातार कुटिएर प्राण फुस्किँदासम्म उनको विचार, विश्वास र इमान ढलेन।

**साभार : रातोपाटी।**


## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालय वा तलको ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध छ।

**तपसिल**

**नाम :** Kishun Dev Sah
बिमालेख नम्बरः 255103315
ठेगाना : रामगोपालपुर-८, महोत्तरी
सम्पर्क नं. : 9804843548




## बिमालेख हरायो

घरबाट बाहिर जाने क्रममा तपसिल बमोजिमको बिमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावले एल.आई.सि. नेपालको कुनै पनि शाखा कार्यालय वा तलको ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध छ।

**तपसिल**

**नाम :** Roshani Kumari Sah
बिमालेख नम्बरः 255103314
ठेगाना : रामगोपालपुर-८, महोत्तरी
सम्पर्क नं. : 9804843548








**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday